दुई

# नेपाल टेलिभिजनका कार्यक्रम : हिजो र आज

मदनकुमार शर्मा

टेलिभिजन च्यानलको परिचय दिने र दर्शकबीच आफ्नो लोकप्रियता कायम गर्ने प्रमुख माध्यम त्यसबाट प्रसारित कार्यक्रम हुन्। प्राविधिक रूपमा जति उत्कृष्ट भए पनि कार्यक्रमले दर्शकलाई आकर्षण गर्न सकेनन् भने त्यस्तो च्यानलको अस्तित्व रहँदैन। दर्शकको चाहना र रुचिलाई ध्यान दिँदै उत्पादन तथा प्रसारण गरिने कार्यक्रम लोकप्रिय हुन्छन्। त्यसैका आधारमा प्रसारण संस्थाको ख्याती र व्यापार पनि बढ्छ। व्यापार बढेपछि कार्यक्रममा लगानी बढाई त्यसलाई अझ स्तरीय बनाउन सकिन्छ। यसले गर्दा कार्यक्रम पनि झन् लोकप्रिय हुन्छ। अनि यो चक्र निरन्तर घुमिरहन्छ। यिनै कुरालाई दृष्टिगत गरी नेपाल टेलिभिजनले दर्शकहरूलाई आकर्षण गर्न आफ्ना कार्यक्रमहरूमा समयानुकूल परिवर्तन गर्दै आएको छ।

नेपाल टेलिभिजनको नियमित प्रसारण २०४२ पुस १४ देखि भएको हो र प्रारम्भिक दिनमा समाचार, रिपोर्ट, *साधना सङ्गम*जस्ता कार्यक्रम तथा सङ्कलित विदेशी केही कार्यक्रम प्रसारण गरिन्थ्यो। त्यस बेला दैनिक दुई घण्टाको कार्यक्रम प्रसारण गर्न पनि निकै कठिनाइ थियो।

प्रारम्भिक दिनमा नेपाल टेलिभिजनका कार्यक्रमको प्रशस्त आलोचना हुने गर्दथ्यो । कार्यक्रम निर्माताले दर्शकको प्रतिक्रियालाई महत्त्वपूर्ण मान्थे र इमानदारीसाथ आलोचनालाई सम्मान गर्दै आफ्नो कार्यक्रममा समावेश गरेर प्रसारण पनि गर्दथे । सोहीअनुरूप आफ्ना कार्यक्रममा साधन र स्रोतले भ्याएसम्म सुधार गरेर निर्माण गर्दथे । प्रसारणको एक वर्ष बित्दा नबित्दै पत्रिकाले यसका कार्यक्रममाथि टीकाटिप्पणी गर्न थालिसकेका थिए । २०४३ पुस ४ को *देशभक्ति* साप्ताहिकले नेपाल टेलिभिजनले आफ्नो कार्यक्रमलाई केही रोचक र प्रभावकारी बनाउनुपर्ने राय दिएको थियो । २०४३ पुस १३ को *देशान्तर* साप्ताहिकले सञ्चारमाध्यमको सबैभन्दा ठूलो पुँजी भनेको विश्वसनीयता नै हो भन्ने कुरा टेलिभिजन चलाउनेहरूलाई पक्कै थाहा हुनुपर्दछ भनी टिप्पणी गरेको थियो ।[१] स्याबासीको र प्रशंसाको बाढी पनि त्यो बेला नआएको होइन । पत्रपत्रिकामा आउने टिप्पणी पनि सुधारका लागि रचनात्मक सहयोग हो भन्ने व्यवस्थापनले मानेको थियो । यस्ता सुझावलाई ध्यान दिँदै नेपाल टेलिभिजनले समय समयमा छलफल, गोष्ठी, आदि गरी सुधारका प्रयासहरू गरेको थियो ।

२०४३ सालसम्म आइपुग्दा नेपाल टेलिभिजनको प्रति हप्ता ४०० मिनेटको कार्यक्रम प्रसारण १३८० मिनेट (प्रतिहप्ता) पुगिसकेको थियो ।[२] त्यस बेलाका कार्यक्रममा *साधना सङ्गम, स्वास्थ्य चर्चा, हाम्रा अतिथि, सङ्गीत सङ्गम, गृहलक्ष्मी, अँध्यारो उज्यालो, साहित्य प्रभा, बाल संसार, सन्दर्भ सडकको, विज्ञान र प्रविधि, शहरभित्र र शहरबाहिर, परिचय, आठ बजे, दृष्टि र दृष्टिकोण, युवाक्षितिज, चिनारी, घटना विवेचना, के तपाईलाई थाह छ ?* र विदेशी समाचारका आधारमा निर्माण गरिने *स्पट लाइट* कार्यक्रमहरू थिए । ती सबै कार्यक्रमबारे दर्शकको प्रतिक्रिया पत्रपत्रिकामा आउँथे । यसका साथै निर्माता आफैँले समय समयमा लिने अन्तर्वार्ताबाट प्रतिक्रिया प्राप्त गर्ने प्रचलन थियो । जे होस् नेपाल टेलिभिजन सदैव आफ्ना दर्शकहरूले कार्यक्रमबारे के भन्छन् र तिनीहरूको सुझाव के छ भन्नेतर्फ सदैव चनाखो भएर बसेकै हो ।

२०४४ साल लाग्दा नलाग्दै आफ्ना दर्शकका चाहना जान्न उत्सुक नेपाल टेलिभिजनले *मूल्याङ्कन* नामको एउटा कार्यक्रमको निर्माण तथा प्रसारण सुरु गऱ्यो जसमा दर्शकको प्रतिक्रिया र सुझाव पढ्ने गरिन्थ्यो र आवश्यकताअनुसार

---

१ पत्रिकाका यी दुई सन्दर्भ श्रेष्ठ (२०४४) बाट उद्धृत गरिएको हो ।

२ २०४३ माघ १७ मा नेपाल टेलिभिजन तेस्रो वर्षमा प्रवेश गरेको उपलक्ष्यमा तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक नीर शाहले टेलिभिजन अन्तर्वार्तामा व्यक्त गरेको भनाइ ।

निर्माताको उत्तर पनि समावेश गरिन्थ्यो । उक्त कार्यक्रम सञ्चालन तथा निर्माणको जिम्मा अमुदा श्रेष्ठलाई दिएको थियो र त्यसमा दर्शकका तीता मीठा सबै प्रतिक्रिया हुन्थे ।

२०४३ असोज ४ देखि प्रत्येक शनिबार दिउँसो १ बजेदेखि ३ बजेसम्म थप कार्यक्रम सञ्चालन गरिएको थियो । त्यस बेला कुल प्रसारण कार्यक्रममध्ये ८५ प्रतिशत कार्यक्रम संस्थान भित्रैबाट निर्माण हुने गरेको थियो । २०४४ सालमा सार्कको तेस्रो शिखर सम्मेलन हुँदा नेपाल टेलिभिजनको इतिहासमा पहिलो पटक प्रत्यक्ष प्रसारण गरेको हो र सातै राष्ट्रमा यस कार्यक्रमको प्रत्यक्ष प्रसारण गरिएको थियो । सोही सिलसिलामा नेपाल टेलिभिजनले तीन ओटा क्यामेरा भएको आउटसाइड ब्रोडकास्टिङ भ्यान (ओबी भ्यान) पहिलो पटक प्रयोगमा ल्यायो । यसप्रकार नेपाल टेलिभिजनले प्राविधिक रूपले आफूलाई बर्सेनि उकास्दै दर्शकलाई आकर्षण गरिरहेको थियो । यद्यपि विदेशी च्यानलहरूको बढ्दो उपलब्धता चुनौती बनेको थियो ।

दर्शकहरूको प्रतिक्रिया नेपाल टेलिभिजनले विभिन्न माध्यमले प्राप्त गरिरहन्थ्यो । त्यस्ता प्रतिक्रिया प्रसारित कार्यक्रममा मात्रै केन्द्रित हुँदैनथे, बरु तिनले प्राविधिक पक्ष, प्रसारण विस्तार, टेलिभिजन सेटको उच्च मूल्य तथा टेलिभिजनबारे लिइएका वा लिइनुपर्ने सरकारी नीतिलाई समेत समेट्थे । नेपाल टेलिभिजनले सबै किसिमका आलोचना वा सुझावलाई सूक्ष्म दृष्टिले हेर्ने गर्थ्यो र सुधारका लागि प्रयास पनि गरिरहेको थियो ।

प्रारम्भमा नेपाल टेलिभिजनसँग नयाँ जोश र जाँगर थियो । तर यसले जे-जे पस्किन्छ त्यो दर्शकले ग्राह्य गर्नुपर्ने अवस्था भएकाले २०४६ सालपछि केही समयसम्म एकाधिकारको मात नेपाल टेलिभिजनलाई लागेकै हो । त्यसैले दर्शकलाई केन्द्र बिन्दु मान्दामान्दै पनि सबै कार्यक्रम स्तरीय नै बनाएको थियो भन्न गाह्रो छ । यस अवस्थामा पनि केही कार्यक्रम उत्कृष्ट बने, खोज र अनुसन्धानको क्रम जारी रह्यो । तर नेपाल टेलिभिजन आफ्ना दर्शकको प्रत्यक्ष सम्पर्कमा भने रहेन । व्यवस्थित रूपमा दर्शक प्रतिक्रिया प्राप्त गर्ने पद्धतिको विकास नेपाल टेलिभिजनमा त्यस बेला भएको थिएन ।

बिस्तारै टेलिभिजन प्रसारणप्रति निजी क्षेत्र आकर्षित हुन थाल्यो । कार्यक्रम उत्पादन गृहको रूपमा नेपाल टेलिभिजनसँग समय किनेर तिनले प्रसारणमा हात हालेका थिए । उता भारतीय र अन्य विदेशी च्यानलहरू नयाँ ढङ्गले आक्रामक रूपमा देखा पर्दै थिए । भाषाको सीमा नरहेकाले नेपालमा पनि ती विदेशी च्यानलका कार्यक्रमले प्रत्यक्ष असर देखाउन थालिसकेका थिए । यस्तो परिप्रेक्ष्यमा

नेपाल टेलिभिजनले आफ्ना कार्यक्रमहरूको मूल्याङ्कन गरी तिनलाई परिमार्जन गरिनुपर्ने सोच बनायो । त्यही सोचको परिणाम स्वरूप पहिलो पटक यसले दर्शक सर्वेक्षणका लागि व्यवस्था पनि गऱ्यो । सर्वेक्षणले दर्शकको रुचि, प्रसारणको उपयुक्त समय, प्रसारणको गुणस्तर, अन्य च्यानलसँगको प्रतिस्पर्धाजस्ता विषयमा प्रशस्तै जानकारी दियो । यसको नतिजाअनुसार नेपाल टेलिभिजनले आफ्नो प्रसारणमा केही फेरबदल पनि गरेको थियो ।

नेपाल टेलिभिजनका कार्यक्रमका विभिन्न पक्षलाई केलाउँदै के कस्ता कार्यक्रम कहिले कसरी सञ्चालन भएका थिए भन्ने एकसरो जानकारी यस लेखमा दिन खोजिएको हो ।[३] मूलतः यो चर्चा आफूले सम्झेका तथ्यमा आधारित छ । यद्यपि केही जानकारी सोधखोज गरेर पनि यहाँ समावेश गरिएको छ । यस लेखमा मनोरञ्जनमूलक, समाचारमूलक र शैक्षिक कार्यक्रमहरूबारे विभिन्न कालखण्ड अनुसार व्याख्या गरिएको छ । लेखको अन्त्यमा निष्कर्ष राखिएको छ ।

## क. मनोरञ्जनात्मक कार्यक्रम

### *गीत/सङ्गीत*[४]

नेपाल टेलिभिजनको स्थापनासँगै नेपाली गीतहरूको दृश्याङ्कन कार्यको थालनी पनि भएको हो । सुरुमा यसको सिंहदरबारस्थित स्टुडियोमा प्राविधिक तथा 'क्रु' ले कलाकारलाई बोलाई छायाङ्कन गर्ने र पछि सम्पादन गरी प्रसारण गर्ने गरिन्थ्यो । सम्पादनका क्रममा विभिन्न दृश्य मिश्रण गर्ने र पछि केही 'इफेक्ट्स' राख्ने पनि गरिन्थ्यो । २०४५ जेठ ८ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा आयोजित स्वरसम्राट नारायणगोपाल साँझ कार्यक्रम प्रत्यक्ष प्रसारण गरियो । यो एउटा ऐतिहासिक कामको थालनी थियो । तत्कालीन अध्यक्ष तथा महाप्रबन्धक नीर शाहको विशेष अनुरोधमा टेलिभिजनमा प्रत्यक्ष प्रसारणका लागि उनले स्वीकृति दिएका थिए । नेपाल टेलिभिजनका लागि यो एउटा नयाँ र रोमाञ्चकारी अनुभव बन्यो । नारायणगोपालको गीत दृश्याङ्कन भएको त्यो नै पहिलो र अन्तिम कार्यक्रम हुन पुग्यो । सोही कार्यक्रमकै रेकर्डबाट अचेल टेलिभिजनमा उनका गीत देखाइने गरिन्छ । त्यसपछि अरूणा लामा लगायत

---

३ टेलिभिजन कार्यक्रमले प्रसारणमा आएका सबै सामग्रीलाई समेट्ने भए पनि यस आलेखमा समाचार, टेलिफिल्म र वृत्तचित्रका क्षेत्रलाई समेटिएको छैन । यी विधाबारे विस्तृत चर्चा यसै पुस्तकका अन्य लेखमा गरिएको छ ।

४ यस खण्डमा परेका विवरण सहजमान श्रेष्ठ, सूर्यमान रञ्जित र महेश्वरभक्त श्रेष्ठसँग कुराकानी गरी प्राप्त गरिएको हो ।

अन्य थुप्रै कलाकारको गायन कार्यक्रमको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनले गरेको थियो ।

नेपाल टेलिभिजनमा विभिन्न कालखण्डमा विभिन्न नामका गीत/सङ्गीत सम्बन्धी कार्यक्रम प्रसारण हुँदै आएका छन् । मलाई सम्झना भएअनुसार ती कार्यक्रमहरू *सङ्गीत सङ्गम, प्रतिभा, सण्डे पप, स्वर सङ्गीत, गजल सन्ध्या, फूलबारी, गाउँबेसीका गीतहरू, गीतगजल, मिरमिरे साँझ, सङ्गीत सौगात, ढुकढुकी, प्रतिभाको डबली, सृजनाको आधा घण्टा, स्वरभित्रको मान्छे, गीताञ्जली, तिम्रो सूर मेरो गीत, सयपत्री,* आदि हुन् । यीमध्ये *गीताञ्जली* र *सयपत्री* नेपाली फिल्मका गीतहरूका कार्यक्रम हुन् र *सण्डे पप* अङ्ग्रेजी गीतको कार्यक्रम हो । *सण्डे पप* लामो समयसम्म भुषण दाहालले सञ्चालन गरेका थिए । नेपाल टेलिभिजनमा शास्त्रीय सङ्गीतका कार्यक्रमलाई पनि स्थान दिइएको थियो । शास्त्रीय गीतको कार्यक्रमका सहभागी थुप्रै कलाकार रहे पनि लामो समयसम्म सो कार्यक्रमको संयोजन र निर्माण विजया शर्मा, शकुन्तला प्रधान, आदिले गरेका थिए ।

गीत/सङ्गीतको क्षेत्रमा सुरुमा गायक गायिकालाई स्टुडियोमा ल्याई दृश्य रेकर्ड गरिन्थ्यो र त्यसपछि सम्पादनमा अन्य सान्दर्भिक दृश्य राखी गीत तयार गरिन्थ्यो । गीत/सङ्गीतको कुरा गर्दा *सङ्गीत सङ्गम* कार्यक्रमलाई बिर्सन सकिँदैन । यो कार्यक्रम सङ्गीत क्षेत्रमा नयाँ अवधारणाका साथ प्रस्तुति गरिएको थियो र उक्त कार्यक्रममा सर्वसाधारण समेत सहभागी हुन पाउने भएकाले अत्यधिक लोकप्रिय थियो ।

गीत छायाङ्कनका लागि उपयुक्त उपकरण नभए पनि सामान्य इफेक्ट्स प्रयोग गरेर तथा क्रोमाकि[५] प्रविधि प्रयोग गरेर भए पनि त्यस बेला गीतहरू दृश्याङ्कन गरिन्थ्यो । यसो गर्दा कलाकार समेतलाई देख्न पाइने हुँदा दर्शकहरूले रुचाएका थिए । उपकरणहरूको अभाव हुँदाहुँदै पनि नयाँ प्रविधि तथा अवधारणाको खोजी भइरहेको बेला थियो र तत्कालीन युवा कर्मचारी सञ्जय रिजाल, सहजमान श्रेष्ठ, मेघराज शमशेर थापा, महेश्वरभक्त श्रेष्ठ, लोचनमान श्रेष्ठलगायत अन्य थुप्रैले गीत छायाङ्कनमा गरेको योगदान बिर्सन नसकिने छ । सम्पादनमा रविन्द्र पाण्डे, रजिना शाह, रमेशचन्द्र प्रधानलगायत अन्य दृश्य सम्पादकहरू र क्यामेरामा विजयउदय पाल्पाली, जयसिंह शाह, ध्रुव बस्नेत, त्रैलोक्य चित्रकार, अशोक रत्न तुलाधरलगायत थुप्रैको योगदान उल्लेखनीय छ । त्यस बेला ध्वनि उपकरणलाई

---

[५] एउटा दृश्यलाई अर्को बेग्लै दृश्यसँग मिसाउने एक किसिमको प्रविधि ।

व्यावसायिक किसिमले सञ्चालन गरी सुदन खत्रीले गरेको योगदान पनि बिर्सन सकिँदैन ।

नेपाल टेलिभिजनको गीत/सङ्गीत क्षेत्रमा कार्यक्रम उत्पादन तथा गीतको भिडियोग्राफीको विकासलाई कालखण्डका हिसाबले तीन भागमा बाँड्न बढी व्यावहारिक हुन्छ । यसरी विभाजन गर्ने कुनै वैज्ञानिक अथवा ठोस आधार नभए तापनि गीत/सङ्गीत क्षेत्रमा भएको विकासका शृङ्खलालाई ध्यानमा राखी यस्तो विभाजन गरिएको हो । ती कालखण्ड यसप्रकार छन् :

(क) वि.सं. २०४३ देखि वि.सं. २०४५ सम्म
(ख) वि.सं. २०४६ देखि वि.सं. २०६० सम्म
(ग) वि.सं. २०६० सालपछि

*वि.सं. २०४३ देखि वि.सं. २०४५ सम्म*

यस कालखण्ड टेलिभिजनकै प्रारम्भिक काल भएकाले दृश्यसहितका गीत उपलब्ध थिएनन् । तसर्थ रेडियो नेपालमा रेकर्ड भएका नेपाली गीतहरूको दृश्याङ्कन गरी कार्यक्रम निर्माण तथा प्रसारण गरियो । त्यस बेला नयाँ गीत पनि उति निर्माण भएनन् र प्राविधिक दृष्टिकोणले इफेक्ट्स दिई गीतहरूको दृश्याङ्कन गर्ने कार्य पनि खासै भएन । सुरुआतकाल भएकाले पनि प्राविधिक रूपले धेरै प्रभावशाली गीतहरू निर्माण हुन सम्भव थिएन । यद्यपि गीत छायाङ्कन गर्ने कार्य भने यस कालखण्डमा अघि बढाइएकै थियो ।

नेपाल टेलिभिजनमा कुन गीत पहिले प्रसारण भयो होला भनी ठोकुवा गर्ने प्रमाण फेला पार्न सकिएको छैन । २०४३ सालमा *सङ्गीत सङ्गम* नामक कार्यक्रममार्फत थुप्रै गीत प्रसारण भएका थिए । *सङ्गीत सङ्गम* कार्यक्रमका निर्माता शम्भुजित बास्कोटा थिए । अझ यसअघि नै नेपाल टेलिभिजनको कैलाश स्टुडियोमा च्यौराली समूहको गीतको स्टुडियो लाइभ रेकर्डिङ गरिएको थियो र यो गीतमा मिलन चक्खु र अन्य साथीहरू सहभागी थिए । पछि रेडियोको गीतको दृश्याङ्कन गर्न थालेपछि त्यस बेलाका थुप्रैथुप्रै गायकहरू पर्दामा देखिन थाले । मूर्धन्य कलाकारहरू नातीकाजी, शिवशङ्कर, पुष्प नेपाली, प्रेमध्वज प्रधान, धर्मराज थापा, तारादेवी, मीरा राणा, ज्ञानु राणा, दीपक खरेल, मिलन चक्खु, रमेश ताम्राकार, श्याम मल्ल, नागेन्द्र श्रेष्ठ, कुन्ती सुन्दास, दिवाकर खड्का, नगीना जोशी, शारदा घिमिरे, सुरेश शर्मा, सङ्गीता थापा, गोपाल श्रेष्ठलगायतका गायकहरू त्यस बेला नेपाल टेलिभिजनको पर्दामा आइराख्ने अनुहारहरू हुन् ।

रविन शर्मा, राम थापा, प्रकाश श्रेष्ठका साथै लोकगीत तथा आधुनिक गीतका अन्य थुप्रै गायकहरू पनि टेलिभिजन दर्शकका लागि परिचित अनुहार बनेका थिए । मिलन चक्खुको *चाँदनीमा बग्छ खोलो,* उज्ज्वल मैनालीको *मेरो घरको पल्लो छेउमा,* सुकमित गुरुङको *ढुकढुक ढुकढुक मेरो मुटु धड्कियो,* पवित्रा सुब्बाको *कहिले प्रीतिको फूल* २०४३ सालपछि चर्चामा रहेका केही गीतहरू हुन् ।

२०४५ जेठ ८ मा स्वर सम्राट नारायणगोपाल साँफको प्रत्यक्ष प्रसारण नेपाल टेलिभिजनबाट भएपश्चात् नेपाल टेलिभिजनले यस क्षेत्रमा नयाँ फड्को मारेको मान्न सकिन्छ । उक्त कार्यक्रमको रेकर्ड पनि बेलाबेलामा प्रसारण हुने गर्थ्यो । त्यसै ताका *प्रतिभाको डबली* नामक कार्यक्रम सुरु गरिएको थियो । यसमा नयाँनयाँ कलाकारहरूले गीत/सङ्गीतका साथै अन्य विधामा आफ्नो प्रतिभा प्रस्तुत गर्ने गर्थे । लोकगीत, आधुनिक गीत वा राष्ट्रिय गीतहरू जुनसुकै पनि यसमा समावेश हुन्थे । काठमाडौँको बसन्तपुरदेखि भक्तपुर, पाटन लगायत अनेकौँ टोल तथा सार्वजनिक स्थलमा यस्तो कार्यक्रम गरिन्थ्यो र त्यसको रेकर्ड टेलिभिजनबाट प्रसारण गरिन्थ्यो । त्यस बेला निकै लोकप्रिय बनेको यस कार्यक्रमको निर्माण नेपाल टेलिभिजनले गरेको थियो र निर्देशन शम्भुजित बास्कोटाले गरेका थिए ।

### *वि.सं. २०४६ देखि वि.सं. २०६० सम्म*

यस कालखण्डमा प्राविधिक दृष्टिकोणले अलि परिपक्व गीत निर्माणको प्रयास भएको पाइन्छ । सिने कलाकारका साथै स्थापित कलाकारका गीतहरूलाई दृश्याङ्कन गर्ने कामले यस अवधिमा तीव्रता पायो । साथै एकल गायन प्रत्यक्ष प्रसारणजस्ता कामहरू यस अवधिमा धेरै हुन सके । गोपाल योन्जन, फत्तेमान, अरूणा लामा, प्रकाश श्रेष्ठ, दीप श्रेष्ठलगायत थुप्रै गायकहरूले विभिन्न थरीका गीतहरूको कार्यक्रम गरेका थिए र नेपाल टेलिभिजनले त्यसको प्रत्यक्ष प्रसारण गरेको थियो । नेपाल टेलिभिजनले आफ्ना स्थापनाकालदेखि नै साङ्गीतिक क्षेत्रलाई प्रसारणको अभिन्न अङ्ग बनाएको थियो । तापनि केही कलाकारहरूको गीत छायाङ्कन गर्न अथक प्रयास गर्दा पनि सकिएको थिएन । त्यस्ता गायकहरूमध्ये एक बच्चु कैलाश हुन् । हालसम्म पनि उनको कुनै गीतको दृश्याङ्कन गर्न नेपाल टेलिभिजनले सकेको छैन ।

२०४७ सालपछि गीत छायाङ्कनको अर्को शृङ्खला पनि नेपाल टेलिभिजनले सुरु गऱ्यो । तत्कालीन रत्न रेकर्डिङ संस्थान गीत उत्पादनमा संलग्न थियो ।

२०४७ मा यो संस्था नेपाल टेलिभिजनमा गाभिएपछि यसको कामलाई परिस्कृत गरी नेपाल टेलिभिजनले गीत उत्पादनलाई निरन्तरता दियो। ध्वनि र दृश्य दुवैको प्रयोग गरी गीत उत्पादन गर्ने यस्तो प्रयास केही समय मात्र चल्न सक्यो। २०४७ सालदेखि रेडियो नेपालमा गीतको रेकर्डिङ हुने अवसरमा २/३ ओटा क्यामेराहरू लगेर सबै दृश्य खिच्ने र सोही गीत प्रसारण गर्ने कार्य प्रारम्भ भयो। त्यस बेला हिन्दी सिनेमाका प्रख्यात कलाकार डेनी डेनजोङ्पाले पनि केही नेपाली गीतहरू रेडियो नेपालमा रेकर्डिङ गराएका थिए। ती गीतहरूको दृश्य नेपाल टेलिभिजनले खिचेको थियो र बेलाबखतमा प्रसारण गर्ने गरेको थियो। रेकर्डिङ गर्दा गीतहरूको दृश्याङ्कन हुने क्रम कलाकारहरूको विरोध भएपछि रोकिएको थियो। विरोध गर्नुपर्ने मुख्य कारण आर्थिक थियो। छुट्टै छायाङ्कन भएमा केही मात्र भए पनि पारिश्रमिक पाइने तर अडियो रेकर्डिङका बेला गरिने छायाङ्कनको कुनै पारिश्रमिक नदिइने हुनाले कलाकारले विरोध गरेका थिए।

नेपाली गीतहरू छायाङ्कनमा स्टुडियोमै विभिन्न इफेक्ट्स दिने, आउटडोर सुटिङ गर्ने, मोडेलको प्रयोग गर्नेजस्ता कार्यहरू यस अवधिमा भए। गीतहरूको दृश्याङ्कन कार्यको निर्माताका रूपमा रोशनप्रताप रानाले पनि थुप्रै गीतहरू नयाँ-नयाँ प्रविधि प्रयोग गरेर बनाए। त्यस बेला प्राविधिक दृष्टिकोणले पनि प्रशंसा गर्नलायक गीतहरूमा अम्बर गुरुङ, तारादेवी, नातीकाजी, मास्टर रत्नदास प्रकाश, आदिका गीतहरू थिए। गीतको सिडी बनाउने प्रचलन नभएकाले दृश्यसहितका गीतहरूको व्यापारीकरण भइसकेको थिएन। त्यसैले गीतकार, सङ्गीतकार वा गायकले नेपाल टेलिभिजनकै सहयोगमा आफ्नो गीतको प्रचारप्रसार गर्थे। नेपाल टेलिभिजनले छायाङ्कनको सम्पूर्ण खर्च आफैँले गरी त्यस्ता गीतहरू कार्यक्रममा प्रयोग गर्थ्यो। यस अवधिमा करिबकरिब सबै किसिमका नेपाली गीतहरूको छायाङ्कन गरिएको थियो।

नेपाल टेलिभिजनमा नेपाली फिल्मी गीतको कार्यक्रम प्रसारणको आरम्भ *गीताञ्जली* कार्यक्रमले गरेको हो। यद्यपि आरम्भमा गैर फिल्मी गीत पनि यस कार्यक्रममा प्रसारण गरिन्थ्यो। पछि फिल्मका गीतमात्रै यसमा समावेश गर्न थालियो। यसका निर्माता रोशनप्रताप राना थिए। उनले पछि नेपाली फिल्मी गीतहरूको कार्यक्रम *सयपत्री* निर्माण गरे। फिल्मी गीतको अर्को कार्यक्रम *छाया छवि* पनि पछि देखा पऱ्यो जसका सञ्चालक भरत शाक्य थिए। लामो समयसम्म सञ्चालित *गीताञ्जली* कार्यक्रम व्यापारिक दृष्टिले पनि त्यस बेलाको सफल कार्यक्रम थियो। नेपाल टेलिभिजनले निर्माण गर्ने यस कार्यक्रमका प्रस्तोता कालक्रमअनुसार फेरिइरहे। उनीहरूमध्ये कोही नेपाल टेलिभिजनका सञ्चारकर्मी

नै थिए भने कोही बाहिरका । मन काफ्ले, रचना सिंह, रिना बज्राचार्य, बेन्जु ढुङ्गेल, प्रिया थापा तथा जितु नेपाल *गीताञ्जली*का प्रस्तोताहरू हुन् । चेतन कार्कीले लामो समयसम्म यसको स्क्रिप्ट लेखेका थिए । यस कार्यक्रमको संयोजन केही समयसम्म विजयउदय पाल्पालीले गरे । फिल्मसम्बन्धी नेपाल टेलिभिजनका अन्य कार्यक्रममा *चित्रलहर, हिट मिक्स, क्ल्याप बोर्ड,* आदिको पनि नाम लिन सकिन्छ ।

यस अवधिका गीति कार्यक्रममध्ये *मेरो गीत मेरो सन्देश* पनि उल्लेखनीय छ । यस कार्यक्रमका करिब ३२५ शृङ्खला नेपाल टेलिभिजनबाट प्रसारण भए । यसको सुरुआत रोशनप्रताप रानाले गरेका थिए । पछि यसलाई सूर्यमान रञ्जितले निर्माण गर्न थाले । करिब एक सयभन्दा धेरै म्युजिक भिडियो तयार गरिसकेको हुनाले रञ्जितलाई यो कार्यक्रम निर्माण गर्न सहज भएको थियो । यसको सञ्चालनमा शिवानी सिंह थारू संलग्न थिइन् ।

यसै अवधिमा नेपालमा लोक तथा दोहोरी गीतको प्रशस्त विकास भएको हो । यसमा नेपाल टेलिभिजनको महत्त्वपूर्ण भूमिका थियो भन्दा अत्युक्ति नहोला । यस कालखण्डको पछिल्लो चरणमा दोहोरी गीत निकै चर्चामा रह्यो । नेपाल टेलिभिजनले दोहोरी गीतको कार्यक्रम *लोक दोहोरी* सञ्चालन गर्थ्यो । यस कार्यक्रमलाई रामप्रसाद खनालले सञ्चालन गर्थे ।

यस कालखण्डको अन्त्यतिर नयाँ नेपाली टेलिभिजन च्यानलहरू खुल्ने तरखरमा थिए । प्रविधिको विकास द्रुततर गतिमा थियो र सस्तो प्रविधिले गर्दा गीतको दृश्याङ्कन सहज भइसकेको थियो । गीतका भिसिडीले बजारमा पकड जमाउँदै थिए । निजी क्षेत्र गीतको उत्पादनमा सक्रिय भएको थियो । तसर्थ नेपाल टेलिभिजनले क्रमशः गीत/सङ्गीतको उत्पादनमा कम प्राथमिकता दिन थाल्यो । प्रसारण समय निजी क्षेत्रलाई विक्री गर्ने नीति यसले लियो । प्रसारण समय खरीद गरी विभिन्न संस्थाले लोक गीत, दोहोरी गीत, आधुनिक गीत, पप गीत तथा नेपाली फिल्मी गीतसम्बन्धी कार्यक्रम प्रसारण गर्न थाले ।

### *वि.सं. २०६० पछि*

यस अवधिमा नेपाल टेलिभिजनले आफ्ना नीतिमा परिवर्तन ल्याएको थियो जसको असर कार्यक्रमहरूमा प्रत्यक्षतः देखियो । २०६० सालयता नेपाल टेलिभिजनले गीत दृश्याङ्कनको कार्य करिबकरिब बन्द नै गऱ्यो । गीतको बजारको अवस्था, सस्तो प्रविधि तथा निजी क्षेत्रमा दक्ष जनशक्ति उपलब्ध भएकाले यस प्रकारको

नीति अवलम्बन गरिएको हो । हिजोआज निजी क्षेत्रले लगानी र आम्दानीको हिसाब गरी राम्रा गीतको उत्पादनमा लागिरहेका छन् ।

राष्ट्रिय गीत, भजन तथा भाषा-भाषीका गीतहरू मात्र केही हदसम्म छायाङ्कन गर्ने र अन्य गीतको उत्पादनमा हात नहाल्ने नेपाल टेलिभिजनले लिएको नयाँ नीति हो । गीतहरूको कार्यक्रम स्लट समेत निजी क्षेत्रलाई विक्री गर्ने नीति नेपाल टेलिभिजनको छ ।

टेलिभिजन प्रसारणको प्रारम्भदेखि २०४७/०४८ सम्म पनि गीतहरूलाई प्रसारणमा फिलरको रूपमा प्रयोग गर्ने प्रचलन अधिक थियो । निर्धारित कार्यक्रम सकिएपछि अर्को कार्यक्रम प्रसारण समय नहुञ्जेलसम्मको अवधिमा गीत प्रसारण गरिन्थ्यो । यस्तो प्रचलन अहिले पनि नभएको होइन तर अत्यन्त न्यून मात्रामा छ त्यो अहिले । गीतहरूलाई हाल कार्यक्रमकै रूपमा सञ्चालन गरी प्रायोजकमार्फत आय आर्जनको बाटो समातिएको छ ।

## ख. सूचनामूलक कार्यक्रम[६]

नेपाल टेलिभिजनको जन्मसँगै समाचार तथा समसामयिक कार्यक्रमले महत्त्वपूर्ण स्थान ओगट्दै आएका छन् । सुरुसुरुमा केही दर्शकले नेपाल टेलिभिजनलाई बोल्ने चल्ने *गोरखापत्र* पनि भन्ने गर्दथे । कुनै दिन *गोरखापत्र* समाचारको पर्यायवाची शब्द जस्तै थियो । नेपाल टेलिभिजन आएपछि *गोरखापत्र*मा पढ्दा भेटिने समाचारहरू घरमै सफा पर्दामा देखिन थाले ।

नेपाल टेलिभिजनको प्रसारण प्रारम्भ नै समाचारबाटै भएको हो । समसामयिक कार्यक्रमको प्रारम्भ भने २०४४ सालमा *घटना र विवेचना*बाट गरिएको हो । यसको साथ-साथै विदेशी समाचार क्लिपका आधारमा अङ्ग्रेजीमा प्रसारण गरिने समसामयिक कार्यक्रम *स्पटलाइट* पनि सञ्चालन गरिएको थियो । यसको सञ्चालनमा रीताराज गुरुङ संलग्न थिइन् ।

*घटना र विवेचना*पछि अन्य थुप्रै समसामयिक कार्यक्रमहरू सञ्चालनमा आए । त्यस बेलाका बहुचर्चित समसामयिक कार्यक्रमहरूमा *प्रतिक्रिया, आठ बजे, विश्व घटना, अँध्यारो उज्यालो, चिन्तन मनन, आजको सन्दर्भ, सन्दर्भ सडकको, देश परिवेश, ४५ मिनेट, जन आवाज, समानान्तर, दृष्टि र दृष्टिकोण, जिरो आवर, एक आपस, सन्दर्भ र आवाज, परिवृत्त,* आदि हुन् । कार्यक्रम *आठ*

---

[६] यहाँ नेपाल टेलिभिजनका समसामयिक कार्यक्रमका बारेमा मात्रै केही तथ्य कोटयाउने प्रयास गरिएको छ । समाचारबारे यस लेखमा चर्चा गरिएको छैन ।

*बजे* २०४४ देखि सुरु भएको हो । प्रत्येक दिन साँझ ८ बजे सुरु हुने उक्त कार्यक्रमको निर्माणमा गगन विरही, प्रताप अधिकारी, नारायण श्रेष्ठ, शान्ता जोशी, जीवनाथ धमला, दीपा गौतम, रीता गुरुङ, अंशुमाला शाही, मनोहरि थापा, मानबहादुर घले, मृदुला कोइराला, पुष्पहरि क्याम्पाराई, मन काफ्ले, ताराभुषण दाहाल, रमा सिंह, लय सङ्ग्रौला, राजेन्द्रदेव आचार्य, राजीव उपाध्यायलगायत समाचार महाशाखाका थुप्रै व्यक्तिहरूको सहभागिता हुन्थ्यो ।

तत्कालीन समाचार महाशाखाका निर्देशकका रूपमा रहेका दुर्गानाथ शर्मा *विश्व घटना* र *चिन्तन मनन* कार्यक्रम उत्पादनमा सक्रिय थिए । *विश्व घटना* सञ्चालनमा रमा सिंह समेतको प्रस्तुति हुन्थ्यो । पछि *चिन्तन मनन* राजेन्द्रदेव आचार्यले र *विश्व घटना* रमा सिंहले सञ्चालन गरेका थिए । आर्थिक क्षेत्रमा भए गरेका गतिविधिहरूलाई समाचारमा सबै समेट्न नसकिएको र यस क्षेत्रबाट आम जनतालाई परेको प्रभाव पनि प्रस्तुत हुन नसकेको अवस्थामा कार्यक्रम *अर्थको अर्थ* सुरु गरियो । प्रारम्भमा उक्त कार्यक्रम उत्पादनमा राजीव उपाध्याय, राजेन्द्रदेव आचार्य आदि थिए । नेपाल टेलिभिजनमा रहँदासम्म राजीव उपाध्याय यस कार्यक्रममा प्रत्यक्ष संलग्न थिए । पछि हृदय गौतमले नेपाल टेलिभिजनबाहिरैबाट उक्त कार्यक्रम उत्पादन गरी प्रसारण गराउँदै आएका छन् ।

कर्मचारीको रूपमा नरहे पनि विजयकुमार पाण्डेले लामो समयसम्म बहुचर्चित समसामयिक कार्यक्रम निर्माण तथा प्रस्तुति गरे । उनी *अँध्यारो उज्यालो, प्रतिक्रिया, समयचक्र, शनिबार विजयकुमारसँग, दिशानिर्देश* आदि कार्यक्रम सञ्चालनमा संलग्न भए । व्यापारिक दृष्टिकोणले पनि नेपाल टेलिभिजनको इतिहासमा *दिशानिर्देश* अत्यन्त सफल भयो । बाह्य निर्माताको रूपमा इन्द्र लोहनीले लामो समयसम्म *बहस* कार्यक्रम सञ्चालन गरेका थिए । पछि सोही नामबाट नेपाल टेलिभिजनमा लक्ष्मण हुमागाईंले कार्यक्रम सञ्चालन गरे ।

माओवादीको जनयुद्धको दौरानमा मुलुकको कुना-कुनामा बस्ने पीडित जनता तथा बुद्धिजीवी, सामाजिक कार्यकर्ताहरूको भनाइ, नीति निर्माण तहदेखि आम जनतासम्म लैजाने कार्यक्रम किशोर नेपालले सञ्चालन गरे । *मत अभिमत* नामको उक्त कार्यक्रम अलि बेग्लै प्रकारको थियो । विभिन्न तह र तप्काका मानिसहरूले देशको कुना कुनाबाट दिएको आवाजलाई राष्ट्रिय प्रसारणबाट सबैलाई जानकारी गराउने उक्त कार्यक्रमको मुख्य लक्ष्य थियो ।

नेपाल टेलिभिजनबाट समसामयिक कार्यक्रम प्रस्तुत गर्नेमा दुर्गानाथ शर्मा, राजेन्द्रदेव आचार्य, रानी गुरुङ, रीताराज गुरुङ, रमा सिंह, श्रीकृष्ण अनिरुद्ध गौतम, राजेन्द्रराज तिमिल्सिना, लक्ष्मण हुमागाई, रेवन्त ओली, रविन्द्र घिमिरे,

आदि मुख्य हुन् । समसामयिक कार्यक्रम प्रस्तोता/निर्माताको रूपमा सर्वाधिक चर्चामा विजयकुमार पाण्डे रहे । मीठो स्वरका धनी दुर्गानाथ शर्माले सञ्चालन गरेको *विश्व घटना* पनि चर्चामा पर्ने कार्यक्रम हो । कार्यक्रम *चिन्तन मनन* त्यति बेलाको अर्को लोकप्रिय कार्यक्रम थियो ।

## ग. शैक्षिक कार्यक्रम

नेपाल टेलिभिजनले आफ्नो प्रसारण यात्रामा थुप्रै शैक्षिक कार्यक्रम उत्पादन र प्रसारण गरिसकेको छ। यस्ता कार्यक्रममध्ये केही कार्यक्रमलाई यहाँ चर्चा गरिएको छ ।

### *बाल कार्यक्रम*

नेपाल टेलिभिजनको स्थापनाकालदेखि नै बाल कार्यक्रमलाई विशेष महत्त्वका साथ सञ्चालन गरिएको हो । स-साना तथा संवेदनशील दर्शकका लागि उनीहरूको चाहनाअनुसारका ज्ञानमूलक कार्यक्रमको निर्माण तथा प्रसारण गर्न जरुरी थियो । स्थापनाकाल ताका लगभग सबै निर्माताहरूले कुनै न कुनै रूपमा बाल कार्यक्रमबारे तालिम, सेमिनार वा गोष्ठीमा सहभागी भएर दक्षता हासिल गरेका थिए ।

सुरुमा बाल कार्यक्रमका लागि नेपाल टेलिभिजनले छुट्टै बाल तथा शैक्षिक कार्यक्रम परियोजना सञ्चालन गरेको थियो जुन पछि बाल कार्यक्रम शाखामा परिणत भएको थियो । बाल कार्यक्रममार्फत बालबालिकाले अङ्ग्रेजी भाषा, कला, ज्ञान आदि सिक्न, आफ्नो प्रतिभा देखाउन तथा मनोरञ्जन प्राप्त गर्न सकून् भन्ने उद्देश्य राखिएको थियो । विदेशी कार्यक्रमलाई समेत अङ्ग्रेजीमै वा नेपालीमा रूपान्तरण गरी बाल कार्यक्रम निर्माण तथा प्रसारण गरिन्थ्यो । सुरु सुरुमा *बाल संसार, शैक्षिक कार्यक्रम, ठीक बेठीक, हाजिरीजवाफ,* आदि नामबाट कार्यक्रमहरू सञ्चालन भए । *गीत सङ्गीत,* बाल टेलिफिल्म, बाल कथा, आदि थुप्रै बाल सरोकारका कार्यक्रम निर्माण तथा प्रसारण भएका थिए । सुष्मा गौतम, सरस्वती श्रेष्ठ, रोशनप्रताप राना, मानबहादुर घले, ताराभुषण दाहाल, प्रकाश थापा, रचना सिंह, दीपा गौतम, अरूण चापागाई, मन काफ्ले, आदि अघिल्लो पुस्ताका बाल कार्यक्रम निर्माताहरू थिए भने पछि आएर नीता सापकोटा, टङ्क उप्रेती, जयप्रकाश चौधरी, सङ्गीता पन्त तथा अन्य बाह्यनिर्माता (फ्रिल्यान्सर) समेत बाल कार्यक्रम निर्माणमा सहभागी रहेको पाइन्छ ।[७] नीता सापकोटाले

---

[७] गम्भीरकान्त मैनालीसँगको कुराकानी ।

*मेरो कथा,* टङ्क उप्रेतीले *बाल समाचार,* जयप्रकाश चौधरीले *बाल आवाज* र बाल गीत तथा नृत्यहरू, सङ्गीता पन्तले *टेलिकिताब*को निर्माण निर्देशन गर्थे । २०४२ सालदेखि नै *बाल संस्कृति, प्रश्नोत्तर* र *बाल विचार* निर्माण तथा प्रसारण गरिन्थ्यो । *पञ्चतन्त्र* कार्यक्रममा देखाइने पञ्चतन्त्रका कथाप्रति बालक मात्र नभई वयस्कहरू पनि आकर्षित हुने गर्दथे । पछिल्लो समयमा बाल कार्यक्रमले जुन महत्त्व पाउनु पर्थ्यो सो पाउन सकेन । संस्थानले क्रमशः व्यापारीकरणको नीति अङ्गीकार गरेकाले यस्ता कार्यक्रमले स्थान पाएनन् । सरकारले टेलिभिजन सञ्चालनलाई आफ्नो नैतिक दायित्व नमानी बोझको रूपमा लिएकाले गैरव्यापारिक कार्यक्रमहरू क्रमशः ओझेलमा पर्दै गए ।

प्रारम्भिक कालमा बाल कार्यक्रम उत्कृष्ट बनाउन नेपाल टेलिभिजन प्रयत्नशील रहेकै थियो । निर्माताहरूलाई स्वदेश तथा विदेशमा तालिमको जोहो मिलाउने, प्रशासनिक दृष्टिकोणले परियोजनाको रूप दिने र अन्तर्क्रिया एवं गोष्ठीहरू गर्ने जस्ता सुधारका प्रशस्त प्रयासहरू भएका हुन् । नीर शाहपछिका व्यवस्थापकहरूले त्यसलाई निरन्तरता त दिए तर थप सुधारका लागि त्यति इच्छाशक्ति देखाएको पाइँदैन । व्यवस्थापकहरूले संस्थानको आर्थिक अवस्थालाई ध्यान दिई यसको प्रत्यक्ष लाभ हानिको गणित प्रारम्भ गरिसकेका थिए । तपनाथ शुक्ल, दुर्गानाथ शर्मा तथा मेरो पालासम्म बाल कार्यक्रमले राष्ट्रिय प्रसारणमा स्थान पाएको थियो ।

२०५५/०५६ सालतिर कार्यक्रममा सुधारको निकै खाँचो महसुस भएको थियो । म कार्यालयबाट घर फर्कंदा जहिले पनि एफएम रेडियो सुन्ने गर्दथें । कान्तिपुर एफएममा सञ्जु कोइरालाले सञ्चालन गर्ने बाल कार्यक्रमले मलाई धेरै प्रभाव पारेको थियो । त्यस्तै कार्यक्रम टेलिभिजनमार्फत प्रसारण गर्न पाए हुन्थ्यो भन्ने लाग्यो र उनलाई सम्पर्क गरी त्यसबारे प्रस्ताव गरियो । उनले उक्त प्रस्ताव स्वीकार गरिन् । निर्माणको जिम्मा सुष्मा गौतमले र प्रस्तुत गर्ने काम सञ्जु कोइरालाले गर्ने निधो भएअनुसार उक्त कार्यक्रम *बाल संसार* निर्माण तथा प्रसारण गरियो । लगभग तीन वर्षसम्म उक्त कार्यक्रम सञ्चालनमा रह्यो र केही समय प्रायोजन पनि भयो । आफ्नो परिवेश, कार्यक्रममा नवीनता, आकर्षक प्रस्तुति र रुचिकर निर्माणका कारणले नै दर्शकहरूले यसलाई निकै रुचाए ।

टेलिभिजनका महत्त्वपूर्ण दर्शक बालबालिकाहरू नै हुन् भन्ने कुरा नेपाल टेलिभिजनले पनि बुझेको थियो । घर परिवारमा टेलिभिजन सेट खरीद गर्न अभिभावकलाई दबाब दिने र प्रसारणलाई सुरुदेखि अन्त्यसम्म पलेटी कसेर हेर्ने दर्शक उनीहरू नै थिए । च्यानलहरूको सङ्ख्या बढ्दै गएको अवस्थामा त झन् उनीहरूले भनेको च्यानल नै सम्पूर्ण परिवारले हेर्नुपर्ने अवस्था हरेक घरमा

हुन्थ्यो । तसर्थ उनीहरूलाई महत्त्वपूर्ण दर्शकका रूपमा लिइएको हो । तर अब टेलिभिजन सेट नै सस्तो भएको अवस्थामा घरमा एकभन्दा बढी टेलिभिजन सेट राख्ने प्रचलन पनि बिस्तारै बढ्दै छ । यद्यपि अचेल नेपाल टेलिभिजन जस्तो मिश्रित र राज्यको च्यानलमा बाल कार्यक्रमलाई यथोचित प्राथमिकता नदिएको पाइन्छ । अहिले (२०६५ कात्तिकमा) त नेपाल टेलिभिजनको राष्ट्रिय प्रसारणमा बाल कार्यक्रम नै नरहेको अवस्था छ जुन दुःख लाग्दो पक्ष हो । अन्य देशमा सरकारी टेलिभिजन स्टेसनले बाल कार्यक्रम सञ्चालन गरेकै हुन्छ ।

### साहित्यिक कार्यक्रम

नेपाल टेलिभिजनले विभिन्न नामका कार्यक्रममार्फत नेपाली साहित्य र साहित्यिक फाँटलाई मलजल गर्ने व्यक्तित्वलाई स्थान दिँदै आएको छ । *साहित्य प्रभा, साहित्य र कला, त्रिवेणी, तरङ्ग, सृजना, अभिव्यक्ति,* आदि विगतका साहित्यिक कार्यक्रमहरू हुन् । सर्वप्रथम २०४२ सालमा *साहित्य प्रभा* सुरु भयो । यसका सञ्चालनमा पहिले राजेन्द्र शलभ र पछि दीपा गौतम संलग्न भए । पछि गगन विरहीले *साहित्य र कला*को नाममा यसको सञ्चालन गरे । साहित्यका साथै कला र सङ्गीतलाई पनि समावेश गरी *त्रिवेणी, तरङ्ग* बने । गगन विरहीले *त्रिवेणी,* रचना सिंह, माया गिरी, अंशुमाला शाही (पाण्डे) र रोशनप्रताप रानाले *तरङ्ग,* अंशुमाला शाहीले *सृजना* नामका कार्यक्रम सञ्चालन गरेका हुन् । साहित्यिक कार्यक्रम *अभिव्यक्ति* साहित्यको फाँटमा उल्लेखनीय कार्यक्रम थियो । लोकेन्द्र शाह, जीवनाथ धमला, नयनराज पाण्डे, फणिन्द्र नेपाल, सन्ध्या पहाडी, गोविन्द गिरी, आदि *अभिव्यक्ति* कार्यक्रमको सञ्चालनमा संलग्न भए । पछि सो कार्यक्रम टङ्क उप्रेती र सन्ध्या पहाडीले सञ्चालन गरे । २०६३ असारमा बन्द नहुञ्जेल यसको सञ्चालनमा सन्ध्या पहाडी संलग्न थिइन् ।

साहित्यसम्बन्धी कार्यक्रममा साहित्यिक गतिविधिका समाचार, कविता वाचन, नेपाली साहित्यका विशिष्ट व्यक्तिहरूको अन्तर्वार्ता, पुस्तक समीक्षा, आदि विषयहरू समावेश गरिन्थ्यो । अहिले नेपाल टेलिभिजनमा टङ्क उप्रेतीले *स्रष्टा र सृजना* कार्यक्रम सञ्चालन गर्छन् । पछिल्लो समयमा नेपाल टेलिभिजनको आम्दानीमुखी प्रवृत्तिका कारण साहित्यिक कार्यक्रमले उचित महत्त्व पाउन सकेको छैन ।

### विविध

२०५२ साउनदेखि नेपाल टेलिभिजनमा *कृषि कार्यक्रम*को निर्माण तथा प्रसारण सुरु गरिएको हो । प्रारम्भमा दैनिक १५ मिनेट प्रसारण गरिन्थ्यो । कार्यक्रम

मूलतः स्टुडियोमा आधारित थियो । नेपाल टेलिभिजन, कृषि मन्त्रालय र नार्क (नेपाल कृषि अनुसन्धान परिषद्) को त्रिपक्षीय सम्झौताका आधारमा उक्त कार्यक्रम सञ्चालनमा ल्याइएको थियो । श्याम थापा धेरै लामो अवधिसम्म उक्त कार्यक्रमको सञ्चालनमा देखा परे । *धार्मिक कार्यक्रम*को सञ्चालन पनि नेपाल टेलिभिजनको प्रारम्भिक कालदेखि नै गरिएको हो । पुरुषोत्तम सापकोटा र शारदा उपाध्यायले लामो समयसम्म उक्त कार्यक्रम सञ्चालन गरेका थिए । भक्ति सङ्गीत, प्रवचन, वृत्तचित्र, राशीफल, फलादेश, आदि उक्त कार्यक्रममा समावेश गरिने सामग्री हुन् । शिवरात्रीजस्ता पर्वको प्रत्यक्ष प्रसारण पनि धार्मिक कार्यक्रममा गरिन्थ्यो । स्वास्थ्य कार्यक्रम २०४४ सालतिरदेखि सञ्चालनमा ल्याइएको हो । *स्वास्थ्य चर्चा* नामको कार्यक्रमको निर्माण र सञ्चालनमा सरस्वती श्रेष्ठको संलग्नता लामो अवधिसम्म भयो । त्यसपछि डा. सुबोध पोखरेल र शत्रुघ्न ओझाले उक्त कार्यक्रम सञ्चालन गरेका थिए । *टेलिहेल्थ* नामको स्वास्थ्यसम्बन्धी कार्यक्रम निलम कार्कीले सञ्चालन गरेको पाइन्छ ।

२०५५/०५६ सालतिर म कार्यक्रम महाशाखाको निर्देशक रहँदा तत्कालीन व्यवस्थापकसँग छलफल गरी कार्यक्रममा सुधार र नयाँपन ल्याउन केही प्रयास गरिएको हो । त्यसैको फलस्वरूप जयप्रकाश चौधरीले वरिष्ठ नागरिकहरूका लागि सञ्चालन गर्ने कार्यक्रम *मनका कुरा,* बेञ्जु सरोजले सञ्चालन गर्ने कार्यक्रम *घाम छाया,* निता सापकोटाले सञ्चालन गर्ने कार्यक्रम *सङ्कल्प,* र निलम कार्कीले सञ्चालन गर्ने *टेलिहेल्थ* त्यसैको उपज हो । तीमध्ये *मनका कुरा* र *टेलिहेल्थ* प्रत्यक्ष प्रसारण गरिन्थे । त्यसबाहेक महिला कार्यक्रम, खेलकुद कार्यक्रम, ऐन कानुनसम्बन्धी कार्यक्रम, विज्ञान प्रविधि कार्यक्रम, वातावरणसम्बन्धी कार्यक्रम पनि नेपाल टेलिभिजनले विभिन्न कालखण्डमा नियमित वा अनियमित रूपमा प्रसारण गरेको थियो ।

## निष्कर्ष

टेलिभिजनको पर्दामा देखिने दृश्यहरूको नियमबद्ध प्रस्तुतिलाई कार्यक्रम भन्न सकिन्छ । ती समाचार, सूचनामूलक, मनोरञ्जनात्मक वा शैक्षिक जुनसुकै वर्गका पनि हुन सक्छन् । सबैको लक्ष्य आ-आफ्ना दर्शकलाई आफूतिर आकर्षण गर्नु र सकेसम्म आफैँसँग थामेर राख्न प्रयास गर्नु हो । नेपालमा टेलिभिजनको थालनी गर्ने सबैभन्दा जेठो संस्था नेपाल टेलिभिजन हो । विगतका अनुभवले भविष्यका कार्यक्रमलाई पनि सघाउने सम्भावना रहन्छ । त्यसैले यसले के कस्ता कार्यक्रम कसरी थालनी गऱ्यो भन्नेबारे चर्चा यस लेखमा गरियो ।

टेलिभिजनको कार्यक्रमको स्वरूप ठ्याक्कै यस्तै हुनुपर्छ भन्ने छैन । समयको परिवर्तनसँगै सामाजिक संरचनामा हुने परिवर्तनले कार्यक्रमको संरचना र विषयवस्तुलाई असर पारेको हुन्छ । आज एकदमै लोकप्रिय रहेको कार्यक्रम सदा सर्वदाका लागि त्यस्तै रहिरहन्छ भन्ने छैन । त्यसैले त टेलिभिजनको पर्दामा समयको अन्तरालसँगै परिवर्तन आवश्यक मानिन्छ । सबै टेलिभिजन स्टेसनको मूल लक्ष्य यसका दर्शक नै हुन् ।

नेपाल टेलिभिजन राज्यको टेलिभिजन भए पनि यसका आफ्नै बाध्यताहरू छन् । राज्यले यसको दैनिक सञ्चालनका लागि आर्थिक सहयोग नदिने भएकाले आफैँ कमाएर आफ्नो पेट पाल्नुपर्ने अवस्था छ । तसर्थ यसले व्यापारिक नीति लिएको छ जुन राज्यको टेलिभिजनलाई त्यति नसुहाउने कुरा हो । व्यापारिक नीतिका कारण चमकधमकका चल्तापुर्जा कार्यक्रममा यसको समय धेरै खर्च भएको छ । गम्भीर प्रकृतिका तर प्रायोजन या विज्ञापन नपाइने कार्यक्रम उत्पादन र प्रसारणमा नेपाल टेलिभिजनको भूमिका न्यून छ । यसका अधिकांश कार्यक्रमको प्रकृति र अन्तर्वस्तुलाई बजारले प्रभाव पारिरहेको हुन्छ जुन अत्यन्तै दु:ख लाग्दो पक्ष हो । राज्यले निश्चित सुविधा यसलाई उपलब्ध गराउन सकेमा बजारको नियन्त्रण अवश्यमेव कम हुने थियो । साथै वजनदार र गम्भीर प्रकृतिका कार्यक्रम उत्पादन र प्रसारण गर्न सकिने थियो ।

नेपाल टेलिभिजन राज्यको सञ्चारमाध्यम भएको हुनाले सरकारका कुराहरूलाई महत्त्वपूर्ण स्थान दिनुपर्ने अवस्था छ । चाहे जोसुकै सरकारमा भए पनि यसले राज्य र सरकार एउटै ठानिरहेको हुन्छ । यसर्थ यसलाई सरकारी स्वार्थअनुरूप काम गर्नुपर्ने बाध्यता छ ।

नेपाल टेलिभिजनको स्थापनापश्चात् तत्कालीन शासकहरू तथा आसेपासेले राजा र उनका परिवारलाई खुसी बनाउनलाई यो माध्यमको उपयोग गरेका थिए । राजाले विभिन्न विकास क्षेत्रहरूमा गर्ने गरेको भ्रमणका अवसरमा अस्थायी रूपमा त्यहाँ टेलिभिजन स्टेसन खडा गरिन्थ्यो । त्यस बेला तथा पञ्चायतकालभरि नै राजपरिवारलाई टेलिभिजनमा अत्यधिक रूपमा देखाइन्थ्यो । टेलिभिजन सञ्चालकहरूलाई त्यसको नकारात्मक प्रभावबारे थाहा नभएको पनि होइन । तर तत्कालीन सत्तारूढ व्यक्तिहरूको कडा दबाबका कारण त्यसै गरियो ।

जनआन्दोलनपश्चात्को अवस्था पनि त्यति फरक देखिएन । जुनसुकै दलको सरकार बने पनि सत्तारुढ दलका व्यक्तिहरूले आफ्नो प्रतिपक्षी दललाई निषेध गर्ने प्रवृत्ति पाइयो । यस्तो निषेधको व्यवहार गर्न नेपाल टेलिभिजनलाई पनि बाध्य पारियो र आफ्नो दलको प्रचारप्रसारमा भने यसको दुरुपयोग नै गरियो ।

२०६२/०६३ पछिको नयाँ राजनीतिक परिस्थितिमा पनि यस्तो प्रचलन विद्यमान छ ।

नेपाल टेलिभिजनलाई एकातिर सरकारले 'आफैँ कमाउ र सञ्चालन गर' भन्ने नीति लिएको देखिन्छ भने अर्कोतर्फ यसका कार्यक्रमलाई आफ्नो अनुकूल बनाउन दबाब दिने गरेको छ । यसले लोकरुचिका कार्यक्रम तथा व्यापारिक कार्यक्रम सञ्चालन समेतमा अवरोध आएको छ । यसैले आगामी दिनहरूमा नेपाल टेलिभिजनलाई कसरी हेर्ने र सञ्चालन गर्ने भन्ने स्पष्ट सरकारी नीति आउन जरुरी देखिन्छ ।

## सन्दर्भ सामग्री

श्रेष्ठ, प्रदीप । २०४४ । *नेपाल टेलिभिजन पत्र-पत्रिकाको दृष्टिमा* । काठमाडौं : नेपाल टेलिभिजन ।